सिद्धिचरण नगरपालिका ओखलढुङ्गा

प्रदेश नं.१, नेपाल

स्थानीय राजपत्र

खण्ड ३) संख्या ३१ प्रकाशित मितिः२०७७/९/१५

भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को ज. ले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धि स्थानीय तहलाई दिएको अधिकार प्रयोग गरी नगर क्षेत्रमा रिक्त हुने बालविकास सहयोगी कार्याकर्ता नियुक्ति गर्न सिद्धिचरण नगर कार्यपालिकाबाट स्वीकृत देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

स्वीकृत मितिः २०७७/९/८ प्रमाणीकरण मितिः२०७७/९/१३

प्रस्तावनाः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) १ र सिद्धिचरण नगरपालिकाको शिक्षा ऐन, २०७५ को दफा ३९ को उपदफा १ समेतमा भएको ब्यवस्था बमोजिम प्रारम्भिक बालविकास सहजकर्ताको रिक्त दरवन्दीमा करार नियुक्तिका लागि सिफारिस गर्न सिद्धिचरण नगर कार्यपालिकाले बालविकास केन्द्रका सहयोगी कार्यकर्ता नियुक्ति सम्बन्धी कार्यविधि-२०७७ स्वीकृत गरी जारी गरेको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

**क)** यो कार्यविधिको नाम "**बालविकास केन्द्रका सहयोगी कार्यकर्ता नियुक्ति सम्बन्धी कार्यविधि-२०७७**" रहनेछ ।

**ख)** यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**क)** "ऐन" भन्नाले सिद्धिचरण नगरपालिकाको शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

**ख)** "मन्त्रालय" भन्नाले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

**ग)** "आयोग" भन्नाले शिक्षक सेवा आयोगलाई सम्झनु पर्छ ।

**घ)** "प्रमुख" भन्नाले सिद्धिचरण नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

**ङ)** "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिद्धिचरण नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

**च)** "शाखा "भन्नाले यस नगरपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

**छ)** "शिक्षा अधिकृत" भन्नाले यस नगरपालिकाको शिक्षा शाखा हेर्ने अधिकृतलाई सम्झनु पर्छ ।

**ज)** "विद्यालय व्यवस्थापन समिति" भन्नाले नगरपालिकाको शिक्षा ऐनको दफा २१ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

**झ)** "बाल विकास केन्द्र सहयोगी कार्यकर्ता" भन्नाले बाल विकास केन्द्र सञ्चालनको लागी नियुक्त व्यक्ति सम्झनु पर्छ ।

**ञ)** "समिति" समिति भन्नाले नियम १३ बमोजिम गठित समिति सम्झनु पर्नेछ ।

**ट)** "नगरपालिका" भन्नाले सिद्धिचरण नगरपालिका ओखलढुङ्गा भन्ने सम्झनु पर्नेछ ।

**ठ)** कार्यविधि भन्नाले नगरपालिकाको करारमा शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७७ सम्झनु पर्दछ ।

## परिच्छेद-२

## बालविकास केन्द्रको सहयोगी कार्यकर्ता नियुक्ति सम्बन्धी ब्यवस्था

**३.** रिक्त रहेको सहयोगी कार्यकर्ताको पदमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेको कुनै व्यक्तिलाई करारमा नियुक्ति गर्न सक्नेछ ।

**४.** करारमा बालविकास सहयोगी कार्यकर्ता नियुक्तिका लागि दरखास्त आव्हानको सूचना प्रकाशित गर्नुअघि शिक्षा शाखावाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर मात्र प्रक्रिया वमोजिम करारमा नियुक्ति गर्नु पर्नेछ ।

**५.** सहयोगी कार्यकर्ताको पदपुर्ती गर्नको लागि आबश्यक विवरण खुलाइ ७ देखी १५ दिनको सार्वजनिक सुचना सम्भाव्य सबै माध्यमवाट प्रकाशन गर्नुका साथै वडा कार्यालय, नगरपालिका र सम्बन्धित विद्यालयको सुचना पाटीमा समेत टाँस गर्नुपर्नेछ ।

**६.** सहयोगी कार्यकर्ताको पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र र निरोगिताको प्रमाणपत्रको छायाँप्रति निवेदन साथ पेश गर्नुपर्नेछ ।

**७.** पदपूर्ति समितिको सिफारिसमा सम्बन्धित विद्यालयले सहयोगी कार्यकर्ता नियुक्त गरेको जानकारी शिक्षा शाखालाई गराउनु पर्नेछ र शिक्षा शाखाले सोको अभिलेख राखेको प्रमाण विद्यालयलाई दिनु पर्नेछ ।

**८.** यो कार्यविधि बमोजिमको प्रक्रिया नपुर्याई सहयोगी कार्यकर्ता नियुक्ति गरेमा त्यस्तो नियुक्ति बदर गरी सम्वन्धित प्रधानाध्यापकलाई कारवाही गरिनेछ ।

## परिच्छेद-३

## बालविकास केन्द्रको सहयोगी कार्यकर्ता/सहजकर्ताको लागि आवश्यक न्युनतम योग्यता

९. बालविकास केन्द्रको सहयोगी कार्यकर्ता/सहजकर्ताको लागि आवश्यक न्युनतम योग्यता देहाय बमोजिम हुनेछः

**क)** कम्तिमा **S.L.C./S.E.E.** उत्तिर्ण भएको,

ख) स्थानीय तथा सम्बन्धित ठाँउको भाषा बोल्न सक्ने,

ग) विवाहित महिलालाइ विषेश प्राथमिकता दिने,

घ) २१ वर्ष पुरा भइ ३५ बर्ष ननाघेको,

ङ) ९० घण्टाको आधारभूत व्यवहारिक तालिम लिएको व्यक्तिलाइ विषेश प्राथमिकता दिइने ।

## परिच्छेद-४

## शिक्षक तथा कर्मचारी छनौट प्रक्रिया

१०. सामुदायिक विद्यालयमा रिक्त बाल विकास केन्द्र सहयोगी कार्यकर्ताको नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्ने कार्य नगरपालिकाको करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धि कार्यविधि,२०७७ को दफा १३ बमोजिमको समितिले गर्नेछ ।

११. शिक्षक छनौटको परीक्षा सम्बन्धि कामको लागि आवश्यक कर्मचारी शिक्षा शाखाले व्यवस्थापन गर्नुपर्नेछ ।

१२. शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय नगरपालिकाको कार्यालयमा रहनेछ ।

## परिच्छेद-५

## विषय विज्ञ सम्बन्धि व्यवस्था

१३. **विषय विज्ञः** प्राथमिक तहको विषय विज्ञको सूचीमा रहेको स्थायी शिक्षकलाइ बाल विकास केन्द्र सहयोगी कार्यकर्ताको छनौट परीक्षाको विषय विज्ञको रुपमा छनौट गरिनेछ ।

## परिच्छेद-६

## पारिश्रमिक सम्वन्धि व्यवस्थाः

१४. परीक्षा सञ्चालनको आर्थिक कारोवारको लेखा तथा लेखा परिक्षण प्रचलित कानुन अनुसार राखिनेछ ।

१५. परीक्षा सञ्चालन सँग सम्बन्धित खर्च देहाय अनुसार हुनेछः

- क) छनौट समितिको पदाधिकारीहरुको भत्ता प्रति छनौट परीक्षा रु.२०००
- ख) छनौट समितिको कार्य सम्पादनमा खटिने कर्मचारीहरुको भत्ता प्रति छनौट परीक्षा रु.१५००
- ग) कार्यालय सहयोगी एकजना रु. १०००
- घ) समितिका पदाधिकारीहरुलाइ खाजा तथा मसलन्द खर्च एकमुष्ट रु. ३०००
- ङ) छनौट समितिको पदाधिकारीहरुको भत्ता नगरपालिकाबाट र अन्य खर्च सम्बन्धित विद्यालयले ब्यहोर्नेछ ।

## परिच्छेद-७

## विविध

१६. **आचारसंहिताः**

- क) प्रश्नपत्र निर्माण तथा उत्तरपुस्तिका परिक्षणमा संलग्न हुने पदाधिकारीहरुले उक्त परीक्षा सञ्चालन अवधि भर परीक्षा हलमा प्रवेश गर्न पाउने छैनन ।
- ख) परीक्षार्थीहरुले परीक्षा अवधिभर मोबाईल फोन स्वीच अफ गर्नु पर्नेछ र तोकिएको स्थानमा परीक्षाको प्रश्नपत्र निर्माण देखि परिक्षाको नतिजा सार्वजनिक नहुन्जेल सम्म छनौट समितिमा रहेका व्यक्तिहरुले मोबाईल फोन स्वीच अफ गर्नु पर्नेछ तर व्यवस्थापनमा संलग्न कर्मचारीहरुले आवश्यकता अनुसार मोबाईल फोन प्रयोग गर्न सक्नेछन ।
- ग) परीक्षा केन्द्रभित्र प्रवेश गरिसकेपछि परीक्षामा संलग्न व्यक्तिहरुले परीक्षार्थीहरुसंग र अन्य असम्बन्धित व्यक्तिहरुसंग भेटघाट र सम्पर्क गर्न पाउने छैनन् ।
- घ) परीक्षा मर्यादित, संयमित र निष्पक्ष रुपमा सञ्चालन गर्ने गराउने मुख्य जिम्मेवारी छनौट समितिको हुनेछ ।

ङ) परीक्षामा आवश्यक स्टेशनरी सामानको व्यवस्था सम्वन्धित विद्यालयले गर्नुपर्नेछ ।

च) परीक्षामा संलग्न विज्ञ तथा सदस्यहरुबाट अनियमित कार्य भएको प्रमाणित भएमा त्यस्तो कार्य गर्ने गराउने विज्ञ तथा समितिका सदस्यलाई विज्ञ सूची तथा समितिबाट हटाई सो कार्यमा संलग्न अन्यलाई समेत नियमानुसार नगर कार्यपालिकाले कारवाही गर्नेछ । साथै अनियमित कार्य भएको प्रमाणित भएमा उक्त परीक्षा रद्द हुनेछ र पुनः परीक्षाको प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

१७. **परीक्षाको पाठ्यक्रमः** बाल विकास केन्द्रको सहयोगी कार्यकर्ताको लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची-१ वमोजिम हुनेछ ।

१८. **वैकल्पिक उम्मेदवारले नियुक्ति पाउनेः** शिक्षक तथा कर्मचारी छनौट समितिले छनौट गरेको व्यक्ति सिफारिस भएको मितिले सात दिन भित्र नियुक्ति पत्र लिई विद्यालयमा हाजिर हुन नआएमा वा नियुक्ति लिएको छ महिना भित्रमा कुनै कारण निजले राजिनामा दिएमा विद्यालय व्यवस्थापन समितिले वैकल्पिक सूचीको १ नं. को उम्मेदवारलाई नियुक्ति गर्नेछ ।

१९. **यस कार्यविधि बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएका कुराहरु यसै कार्यविधि बमोजिम र अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

## अनुसूची-१
### (कार्यविधिको दफा १७ सँग सम्बन्धित)

**सामान्य परीक्षाः पूर्णाङंक -४०** **विषयगत परीक्षाः पूर्णाङंक -६०**

| विषयक्षेत्र | पूर्णाङंक | उत्तीर्णाङंक | प्रश्न संख्या | अंकभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा | ४० | २० | २० | २०*२ | वस्तुगत/ वहुवैकल्पिक | ४५ मिनेट |
| विषयगत परीक्षा | ६० | २४ | ८ | ४*१०=४०<br>४*५=२० | विषयगत विश्लेषणात्मक | २:४५ मिनेट |

**सामान्य परीक्षाको पाठ्यक्रमको विषयक्षेत्र र अंकभार**

| **क्र.सं.** | **विषयक्षेत्र** | **परीक्षा** | **अंकभार** | **प्रश्न** | **समय** |
|---|---|---|---|---|---|
| १. | शिक्षाको परिचय | | २ | १ | |
| २. | शिक्षा मनोविज्ञान | | ६ | ३ | |
| ३. | सिकाइ र उत्प्रेरणा | | ४ | २ | |
| ४. | शैक्षणिक योजना र शिक्षण विधि | | ६ | ३ | |
| ५. | विद्यार्थी मुल्याङ्कन | | २ | १ | |
| ६. | शैक्षिक व्यवस्थापन र शैक्षणिक संगठन | बस्तुगत/ | ६ | ३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | शिक्षकको पेशागत विकास र शैक्षिक अनुसन्धान | बहुबैकल्पिक | ४ | २ | ४५ मिनेट |
| ८. | सूचना तथा सञ्चार प्रविधि | | २ | १ | |
| ९. | संविधान, शिक्षा सम्बन्धी ऐन तथा नियमावलीहरु | | ८ | ४ | |
| **जम्मा** | | | ४० | २० | |

**विषयगत परीक्षाको पाठ्यक्रमको विषयक्षेत्र र अंकभार**

| **क्र.सं.** | **विषयक्षेत्र** | **परीक्षा प्रणाली** | **अंकभार** | **प्रश्न संख्या** | **समय** |
|---|---|---|---|---|---|
| १. | शिक्षाको परिचय | विषयगत विश्लेषणात्मक | १० | १ | २:१५ मिनेट |
| २. | शिक्षा मनोविज्ञान | | | | |
| ३. | सिकाइ र उत्प्रेरणा | | ५ | १ | |
| ४. | शैक्षणिक योजना र शिक्षण विधि | | १० | १ | |
| ५. | विद्यार्थी मुल्याङ्कन | | ५ | १ | |
| ६. | शैक्षिक व्यवस्थापन र शैक्षणिक संगठन | | १० | १ | |
| ७. | शिक्षकको पेशागत विकास र शैक्षिक अनुसन्धान | | १० | १ | |
| ८. | सूचना तथा सञ्चार प्रविधि | | ५ | १ | |
| ९. | संविधान, शिक्षा सम्बन्धी ऐन तथा नियमावलीहरु | | ५ | १ | |
| **जम्मा** | | | ६० | ९ | |

**सामान्य तथा विषयगत परीक्षाको पाठ्यक्रम**

१. शिक्षाको परिचय

  a. शिक्षाको अर्थ, परिभाषा, स्वरुप, उदेश्यहरु र कार्यहरु

२. शिक्षा मनोविज्ञान

  a. शिक्षा मनोविज्ञानको अर्थ, अवधारणा, आवश्यकता र महत्व
  b. मानव विकासः वृद्धि र विकासको अवधारणा, चरण र विशेषताहरु
  c. पूर्व वाल्यावस्थाः विशेषता, परिवर्तन र रुचिहरु

३. सिकाइ र उत्प्रेरणा

  a. सिकाइः अर्थ, स्वरुप र प्रभाव पार्ने तत्वहरु
  b. उत्प्रेरणाः अवधारणा, आवश्यकता र विद्यार्थीमा उत्प्रेरणा जगाउने उपायहरु

४. शैक्षणिक योजना र शिक्षण विधि

a. शैक्षणिक योजनाः अर्थ र आवश्यकता, वार्षिक कार्ययोजना, वार्षिक शैक्षणिक योजना, एकाइ योजना र दैनिक पाठयोजना
b. शिक्षण विधिः शिक्षक केन्द्रित विधि, विद्यार्थी केन्द्रित विधि र अन्तरक्रियात्मक विधि

५. विद्यार्थी मुल्याङ्कन
a. निरन्तर विद्यार्थी मुल्याङ्कनः अर्थ, आवश्यकता र प्रयोग

६. शैक्षिक व्यवस्थापन र शैक्षणिक संगठन
a. कक्षाकोठा व्यवस्थापनः अवधारणा, आवश्यकता र महत्व
b. शैक्षणिक संगठनः कक्षा शिक्षण, वहुकक्षा शिक्षण, विषय शिक्षण र मिश्रीत शिक्षण

७. शिक्षकको पेशागत विकास  र शैक्षिक अनुसन्धान
a. असल शिक्षकका गुणहरु
b. कार्यमुलक अनुसन्धानः उदेश्य र प्रयोग

८. सूचना तथा सञ्चार प्रविधि
a. शिक्षण सिकाइमा सुचना तथा सञ्चार प्रविधिको प्रयोग

९. संविधान, शिक्षा सम्बन्धी  ऐन तथा नियमावलीहरु
a. नेपालको संविधानमा शिक्षा सम्वन्धी व्यबस्था
b. शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ मा प्रारम्भिक वालविकास केन्द्र सम्बन्धी व्यवस्था
c. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको शिक्षा सम्बन्धी अधिकारहरु